# प्रेस विज्ञप्ति

कोशी प्रदेशका माननीय मुख्यमन्त्री श्री केदार कार्कीज्यूको अध्यक्षता तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री अनिता देवीज्यूको प्रमूख आतिथ्यतामा आज मिति १२ मङ्सिर २०८० का दिन विराटनगरमा स्थानीय तहहरुले गरेका असल अभ्यास/ प्रयासहरुलाई संकलन तथा अभिलिखिकरण गर्ने उद्धेश्यका साथ दुई दिने अन्तरकृया कार्यक्रमको शुभारम्भ भयो ।




प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को आयोजनामा संचालन गरिएको उक्त कार्यक्रमको उद्धघाटन सत्रमा विशेष अतिथिका रुपमा बिराटनगर महानगरपालिका प्रमुख श्री नागेश कोइराला ज्यू र कोशी प्रदेशका प्रमुख सचिव डा. दिपक काफ्ले ज्यूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा प्रदेश योजना आयोगका उपाध्यक्ष श्री पुरन्जन आचार्य ज्यू, विभिन्न स्थानीय तहका प्रमुख/उप-प्रमुखज्यूहरु, मोरङ्गका प्रमुख जिल्ला अधिकारी श्री विरेन्द्र कुमार यादव ज्यू, विकास साझेदारका प्रतिनिधी ज्यूहरु, नगरपालिका महासंघका प्रदेश संयोजक दिलप्रसाद राई ज्यू र प्रदेश र संघ सरकारमा विशिष्ट कर्मचारीहरुको अतिथिको रुपमा उपस्थिति रहेको थियो।



उक्त कार्यक्रमको उद्घघाटन सत्रमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह-सचिव तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) का राष्ट्रिय कार्यक्रम निर्देशक श्री राम कुमार महतो ज्यूले सहभागीहरूलाई स्वागत गर्दै अन्तरक्रिया कार्यक्रमको उद्धेश्य माथी प्रकाश पार्नु भएको थियो।

उद्घघाटन सत्रमा मन्तव्य राख्ने क्रममा बिराटनगर महानगरपालिका प्रमुख श्री नागेश कोइराला ज्यूले तिनै तहका सरकार बिच समन्वयको आवश्यकतामा जोड दिदै योजना निर्माण, श्रोत व्यवस्थापन, कर्मचारी अभावका विषयमा संघ र प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभएको थियो भने कोशी प्रदेशका प्रमुख सचिव डा. दिपक काफ्ले ज्यूले अन्तर सरकारी समबन्ध सुदृढिकरण, स्थानीय र प्रदेश सरकारको क्षमता विकासमा PLGSP कार्यक्रमको भूमिकाको प्रशंसनिय रहेता पनि समग्रमा वित्तिय तथा भौतिक प्रगती बढाउनु पर्नेमा विशेष जोड दिनुभयो।

कार्यक्रमको अध्यक्षता गरिरहनु भएका मा. मुख्यमन्त्री ज्यूले आफ्ना धारणा राख्दै स्थानीय तहले सङ्घीय सरकारवाट प्राप्त हुने साझा अधिकारीको सुची अनुसार कानुन निर्माण तथा कार्यान्वियनमा ध्यान दिनुपर्ने विचार राख्दै, संघियताको सफलताका लागी स्थानिय तहका योजनाहरूमा संघ सरकारको भन्दा प्रदेश सरकारको भुमिका बढाउनु पर्ने तर्फ जोड दिनुभयो।




उद्घाटन सत्रको समापन गर्ने क्रममा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री अनिता देवीज्यूले असल अभ्यास आदान प्रदान गर्ने पद्धतिले नागरिकलाई सु–सुचित गर्नुका साथै संघीयतालाई संस्थागत गर्न थप सहयोग पुग्ने विश्वास व्यक्त गर्दै सबै स्थानीय तहले स्पष्ट मार्गचित्र र कार्यसुची तयार गरि सोहि अनुसार आफ्ना प्राथमिकता तयार गर्नुपर्ने तर्फ स्थानीय तहको ध्यानाकृष्ट गर्नुभयो। सुशासनसँग सम्बन्धित विभिन्न विषयगत क्षेत्रहरूमा स्थानीय तहहरूबाट अनुभवको आदान-प्रदान हुने यस अन्तरकृया कार्यक्रमबाट स्थानीय तहको सेवा प्रवाह सुधारका हुने आशा व्यक्त गर्दै मा. मन्त्री ज्यूले कार्यक्रमको सफलताको कामना व्यक्त गर्नुभयो।



कार्यक्रमको दोश्रो सत्रमा सूर्योदय नगरपालिका, रोंग गाउपालिका, सुन्दरहरैंचा नगरपालिका, धरान उपमहानगरपालिका, हल्दीबारी गाउँपालिका, इनरुवा नगरपालिका , हलेसी तुवाचुङ नगरपालिका, फिदिम नगरपालिका, याङवरक गाउँपालिका, ईलाम नगरपालिकाले स्थानीय आर्थिक विकास, विद्युतीय सुशासन, सार्वजनिक वित्त व्यवस्थापन, नवप्रवर्तन साझेदारी कोष, आवधिक योजना लगायतका विषय क्षेत्रमा आफ्ना स्थानीय सरकारहरुले गरेका असल अभ्यास र प्रयासहरु प्रस्तुत गरेका थिए।



कार्यक्रमको दोश्रो दिनमा धनकुटा नगरपालिका, रंगेली नगरपालिका, कन्काई नगरपालिका, त्रियुगा नगरपालिका, दमक नगरपालिका, बेलका नगरपालिका, विर्तामोड नगरपालिका, चौबिसे गाउँपालिकाबाट असल अभ्यास र प्रयासहरु प्रस्तुतिकरण पश्चात कार्यक्रमको समापन गरिनेछ भने प्रस्तुत भएका असल अभ्यासहरु मध्ये उत्कृष्ट असल अभ्यासहरुको प्रकाशन गरिने लक्ष रहेको छ।